बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. ७

बी.स. ५२ (२०७७/०७८) च.नं. १४०८

मिति: २०७७/०७/०५

**श्री ईजाजतपत्र प्राप्त सबै निर्जीवन बीमा कम्पनीहरु,**

विषय: **निर्णय कार्यान्वयन सम्बन्धमा।**

श्री नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०६/१९ को बैठकबाट श्री नेपाल सरकारबाट जारी **कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पतालहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश,** २०७७ मा भएको दोश्रो संशोधन बमोजिम सो आदेशको दफा ३ मा " कोभिड-१९ को परिक्षण तथा उपचार सम्बन्धी व्यवस्थामा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिक, असहाय एकल महिला, अति अपांगता भएका नागरिक, जेष्ठ नागरिक, अग्रपंतिमा खटिने स्वास्थ्यकर्मीहरू, सरसफाई कर्मचारीहरू, सुरक्षाकर्मीहरू लगायत जोखिम क्षेत्रमा कार्यरत कर्मचारीहरूमा लक्षण तथा चिन्ह देखिएमा परिक्षण तथा उपचार नि:शुल्क गरिनेछ। तर उल्लेखित व्यक्तिहरूको कुनै बीमा कम्पनीबाट कोरोना बीमा गरेको भएमा परिक्षण र उपचार खर्च निजको बीमा रकमबाट व्यहोर्ने छ। " भन्ने व्यवस्था भएकोले सोको कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउन हुन जानकारी गराईन्छ।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np